काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९३ ❐ मंगलवार, १९ साउन, २०८३ ❐ Tuesday, 4 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

एलपी ग्यासको हाहाकारबारे आयल निगम भन्छ,

आपूर्ति घटेर होइन, उपभोक्ताले एकैपटक भरी सिलिन्डर खोज्दा ग्यासको समस्या देखियो'



❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १८ साउन

पछिल्ला केही दिनयता देशका प्रमुख सहरी क्षेत्रहरूमा खाना पकाउने एलपी ग्यासको तीव्र अभाव र हाहाकार सुरु भएको समाचारहरूले सञ्चारमाध्यम र सामाजिक सञ्जाल छाएका छन् । देशका विभिन्न भागमा सर्वसाधारण उपभोक्ताहरू खाली ग्यास सिलिन्डर बोकेर बिहानैदेखि डिपोहरूअघि लामो लाइनमा बस्न बाध्य भएका दृश्यहरू देखिन थालेका छन् । सुर्खेत लगाएतका शहरहरुमा यो समस्या भने झण्डै एक महिना अगाडीबाट सुरु भएको थियो । चौबाटो र ग्यास डिपोहरूमा देखिएको यो अस्तव्यस्ततालेउपभोग्य बजारमा एक प्रकारको गम्भीर त्रास र अन्योल सिर्जना गरेको छ । फेरि ग्यासको हाहाकार हुने हो कि? वा आपूर्ति ठप्प भएको हो? भन्ने आशङ्काले आम नागरिकलाई पिरोलिरहेको छ । तर, बाहिर देखिएको यो भयावह दृश्यको वास्तविक धरातल के हो? के साँच्चै भारतबाट ग्यासको आयात रोकिएको हो वा बजारमा माग अस्वाभाविक रूपमा बढेर यो स्थिति आएको हो?

आपूर्ति प्रणाली निरन्तर, कालोबजारी भने बढ्यो

नेपाल आयल निगमका अनुसार इन्डियन आयल कर्पोरेसन (IOC) का विभिन्न बाँकी पृष्ठ २

आपूर्ति होइन, 'डिमान्ड' बढ्यो

उपभोक्तामाझ फैलिएको त्रास र बजारको अस्तव्यस्तताबारे नेपाल आयल निगमका प्रवक्ता मनोजकुमार ठाकुर भने फरक र स्पष्ट दृष्टिकोण राख्छन । उनका अनुसार अहिले बजारमा देखिएको समस्या इन्डियन आयल कर्पोरेसन (IOC) बाट ग्यास नआएर वा आपूर्ति कम भएर भएको होइन् बरु बजारमा अस्वाभाविक रूपमा 'डिमान्ड' (माग) एकाएक चुलिएकाले हो । निगमका प्रवक्ता ठाकुरले बजारमा देखिएको यो समस्यालाई आपूर्ति सङ्कटभन्दा पनि 'प्यानिक बाइङ' (मनोवैज्ञानिक त्रासका कारण गरिने अतिरिक्त खरिद) को उपज भएको बताएका छन् । जब निगमले बजारमा १४.२ किलोग्रामको पूरै भरी ग्यास सिलिन्डर पठाउन थाल्यो, समस्याको बीजारोपण त्यहींबाट भयो, प्रवक्ता ठाकुरले भने, यसअघि आपूर्ति सहज बनाउन ७.५ किलोग्राम (आधा सिलिन्डर) मात्रै ग्यास बजारमा पठाइरहेको ठाउँमा एकैपटक पूर्ण परिमाणको (१४.२ केजी) भरी सिलिन्डर खुला गरियो त्यसपछि बजारमा एकाएक सबैले भरी सिलिन्डर नै खोज्न थाले । घरमा ग्यास बाँकी रहेका उपभोक्ताहरूले पनि 'भोलि पाइँदैन कि' भन्ने डरले थप सिलिन्डर भर्न थालेपछि बजारमा माग नियन्त्रणबाहिर गएको हो ।

सुर्खेतमा १६ दिनमै भित्रियो ३२ हजार सिलिन्डर

नेपाल आयल निगम लिमिटेड कर्णाली प्रादेशिक कार्यालय सुर्खेतले जिल्लामा एलपी ग्यासको आपूर्ति पर्याप्त र सहज रहेको जनाएको छ । निगमका कार्यालय प्रमुखल दिपक घिमिरेका अनुसार चालु आर्थिक वर्षको साउन १ गतेदेखि १६ गतेसम्मको १६ दिनको अवधिमा सुर्खेतको वीरेन्द्रनगर क्षेत्रमा विभिन्न कम्पनीका ३१ हजार ९ सय ६३ वटा एलपी ग्यास सिलिन्डर आयात गरी बिक्री-वितरण गरिएको छ । यो परिमाण १६ दिनको अवधिमा हालसम्मकै उच्च हो । सो अवधिमा भेरी ग्यास, नेपाल ग्यास कर्णाली, रासी ग्यास, मनकामना ग्यास, रेरियण्ट ग्यास तथा सैपाल ग्यासमार्फत बजारमा ग्यास आपूर्ति गरिएको निगमले जनाएको छ। निगमले अधिकृत ग्यास विक्रेताहरूलाई ग्यास वितरण गर्दा घरायसी उपभोक्तालाई पहिलो प्राथमिकता दिन कडा निर्देशन दिएको छ । साथै ग्यास बिक्रीका क्रममा खरिदकर्ताको नाम ठेगाना र सम्पर्क नम्बर अनिवार्य रूपमा अभिलेख (रेकर्ड) राखी व्यवस्थित ढङ्गले वितरण गर्न आग्रह गरिएको छ । रहेको दोहोऱ्याएको छ ।

आधाबाट भरीमा जाँदा बिग्रियो सन्तुलन

निगमको विश्लेषण अनुसार जब-जब बजारमा आधा सिलिन्डरको सट्टा भरी सिलिन्डर बिक्री खुला गरिन्छ, तब उपभोक्तामा एउटा मनोवैज्ञानिक असर पर्छ । आधा सिलिन्डर पाउँदा उपभोक्ताले 'अझै ग्यास सहज भइसकेको छैन' भन्ने सोचेर नियमित खपत अनुसार मात्रै ग्यास लैजान्छन् । तर भरी सिलिन्डर आउन थालेपछि भने मानिसहरूले आफूसँग भएका खाली रहेका अतिरिक्त सिलिन्डरहरू पनि भरिहाल्ने प्रयास गर्छन् ।

सामान्यतया एउटा औसत नेपाली परिवारलाई १४.२ किलोग्रामको एक सिलिन्डर ग्यासले कम्तीमा एकदेखि डेढ महिनासम्म पुग्छ । तर जब बजारमा अलिकति पनि लाइन देखिन्छ वा अभावको हल्ला चल्छ, उपभोक्ताहरूले २-३ महिनापछिका लागि आवश्यक पर्ने ग्यास पनि अहिले नै सञ्चय गर्न थाल्छन् । यही 'अतिरिक्त भण्डारण'को होडबाजीले गर्दा दैनिक खपतभन्दा कैयौं गुणा बढी माग सिर्जना भई आपूर्ति व्यवस्थापन नै अस्तव्यस्त बन्न पुगेको हो ।

'निर्माण क्षेत्रलाई प्रतिष्ठा र पुस्तान्तरणको पेसा बनाउँछौं'

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १८ साउन

नेपाल निर्माण व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष निकोलस पाण्डेले नेपालमा निर्माण क्षेत्रलाई सम्मानजनक र प्रतिष्ठाको पेसा बनाउने घोषणा गरेका छन् । कर्णाली प्रदेश निर्माण व्यवसायी महासङ्घको सुर्खेतस्थित शुभ होटलमा सुरु भएको सातौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनको उद्घाटन



समारोहलाई सम्बोधन गर्दै अध्यक्ष पाण्डेले सो घोषणा गरेका हुन् ।

सम्बोधनका क्रममा अध्यक्ष पाण्डेले निर्माण उद्योगको गुम्दै गएको साख जोगाउन आफूहरू निरन्तर क्रियाशील रहेको बताए । कुनै पनि विकास आयोजना अलपत्र पर्न नदिने गरी काम गर्न व्यवसायीहरूलाई निर्देशन दिँदै उनले भने, कर्णालीमा धेरै विकास आयोजनाहरू अलपत्र अवस्थामा छन् । सरकारले सार्वजनिक खरिद ऐन संशोधन गरेर व्यवसायीका मागहरू सम्बोधन गरिसकेको छ। अब निर्माण व्यवसायीहरूले पनि इमानदार भएर काम गरी यो पेसालाई प्रतिष्ठाको पेसा बनाउनुपर्छ ।

अध्यक्ष पाण्डेले निर्माण पेसालाई पुस्तान्तरण गर्न आवश्यक बाँकी पृष्ठ २

SOS CHILDREN'S VILLAGES

VACANCY ANNOUNCEMENT

SOS Children's Villages Nepal, a non-governmental social development organisation, supports children without parental care and families in difficult living conditions through services in care, education, health, and emergency relief. We advocate for the rights of children and young people in alliance with a diverse range of partners.We offer a secure and friendly work environment and are committed to safeguarding the rights of children through a zero-tolerance policy in this regard. We are further committed to providing a safe environment for coworkers, children, young people, and adults with whom we work, where human rights are respected and upheld, and healthy relationships are fostered by building organisational systems, capacity, and awareness of our Child Safeguarding Policy and Code of Conduct. We are now looking for interested and qualified individuals for the position of Intern Teacher within the **"Advancing Equitable Access to Quality Education for Children"** project in Birendranagar Municipality, Surkhet District.

Job position:

Intern Teacher - 10 (part-time)

The Intern Teacher will be responsible for planning and preparing classroom activities, delivering lessons, supporting student learning, and contributing to a positive and effective educational environment within schools. S/he should have a good understanding of teaching and learning at the primary level. S/he will work in partner schools to enhance teaching and learning outcomes.

Key performance areas and main responsibilities:

- Assist teachers in planning and delivering effective lessons and prepare classroom materials and learning resources.
- Support students' academic, social, and emotional development by monitoring attendance, behaviour, and participation.
- Help assess student work, maintain records, supervise students during various school activities, and ensure a safe and organised learning environment.
- Participate in school programmes, meetings, and professional development activities, while adhering to organisational policies and carrying out other duties as assigned by the supervisor.

Qualification, experience and skills:

- Pursuing a Bachelor's Degree in Education or an Intermediate-level qualification in education, with at least a second division or its equivalent, and possessing a minimum of one year of relevant work experience.
- Excellent communication skills in both English and Nepali.
- Strong interpersonal skills and a positive attitude.
- Experience working with children and young people will be an added advantage.

For the above-mentioned position, candidates **must be Nepali citizens below 40 years of age.**

Salary and other benefits: As per the policies of the organisation.

Interested candidates are requested to apply with a Cover Letter, Curriculum Vitae, copies of academic certificates (including equivalence certificates from the relevant government agencies, if studied outside Nepal), a copy of the Citizenship Certificate, a passport-size photo, and the Employment Application Form (mandatory document to be downloaded from www.sosnepal.org.np/careers) to: The Village Director, SOS Children's Village Surkhet, at cv.surkhet@sosnepal.org.np by 5:00 pm, 14 August 2026.

SOS Children's Villages Nepal reserves the right to reject any or all the applications without assigning any reason whatsoever. ***SOS Children's Villages Nepal follows the Inclusive Policy and therefore encourages women, people with disabilities, people of ethnic minorities and marginalised communities to apply.***

सम्पादकीय

आफ्ना अधिकारहरु प्रयोग गर

नेपालको संविधान र बालबालिका सम्बन्धी ऐन २०७५ ले प्रत्येक बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र सर्वाङ्गीण विकासका लागि स्पष्ट एवं मौलिक अधिकारको प्रत्याभूति गरेको छ। कानुनी रूपमा हेर्दा राज्यले बालबालिकालाई अधिकार सम्पन्न गराउन कुनै कसर बाँकी राखेको देखिँदैन । तर कर्णाली प्रदेशको व्यावहारिक धरातलमा नियाल्दा कानुनी दस्ताबेज र वास्तविक जीवनबिचको खाडल डरलाग्दो देखिन्छ । राजधानी र नीतिगत तहमा बालअधिकारका ठूला गफ छाँटिए पनि कर्णालीका गाउँ-गाउँमा बालबालिकाहरू अझै पनि आधारभूत अधिकारबाट वञ्चित भई हिंसा, कुप्रथा र अभावको बहुआयामिक चपेटामा पिल्सिरहेका छन् । कर्णाली प्रदेश भौगोलिक रूपमा विकट र सामाजिक रूपमा विशिष्ट छ, यसमा कुनै दुईमत छैन । तर यही विकटता र परम्परागत सामाजिक संरचनालाई देखाएर वर्षौंदेखि व्याप्त बालविवाह, बालश्रम र छाउपडीजस्ता गम्भीर कुप्रथाप्रति आँखा चिम्लिन मिल्दैन । बालअधिकार रक्षाका लागि संस्थागत प्रयास र औपचारिक कार्यक्रमहरू भइरहे पनि समाजको जरैसम्म ती चेतना र कानुनका हातहरू पुग्न सकेका छैनन् ।

जसका कारण बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासमा प्रत्यक्ष प्रहार भइरहेको छ । केवल कागजमा नीति र ऐन बनाउँदैमा अधिकार सुरक्षित हुँदैन् त्यसको प्रभावकारी कार्यान्वयन र गाउँ तहसम्मको अनुगमन मुख्य सर्त हो । यौन हिंसा र दुर्व्यवहारको यो भयावह चित्र त केवल प्रहरीसम्म पुगेका घटनाहरूको मात्र हो । सामाजिक डर, लाज र दबाबका कारण अझै पनि धेरै घटनाहरू सामसुम पारिने हाम्रो सामाजिक यथार्थलाई हेर्ने हो भने वास्तविक स्थिति झनै भयावह रहेको सहजै अनुमान गर्न सकिन्छ । प्रदेश सरकारले बालअधिकार समिति गठन गरेको र बजेट तथा लगानी बढाएको दाबी गरिरहँदा त्यसको प्रत्यक्ष अनुभूति भने लक्षित वर्गसम्म पुग्न सकेको छैन । सरकारी दाबी र सरोकारवालाहरूको चिन्ताबिचको यो दूरीले राज्यका योजनाहरू ' बालकेन्द्रित' भन्दा पनि 'कागजी' बढी भएको संकेत गर्छ । अबका दिनमा बालअधिकारको बहसलाई सहरका सभा-समारोह र भाषणमा मात्र सीमित नराखी व्यवहारमा उतार्न जरूरी छ ।

बालअधिकार कुनै एउटा निकाय वा सरकारको मात्र दायित्व होइन, यो बहुपक्षीय जिम्मेवारी हो । यसका लागि प्रदेश र स्थानीय सरकारले निर्माण गर्ने योजना तथा निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउनु पर्छ । साथै विद्यालय, परिवार, समुदाय र कानुन कार्यान्वयन गर्ने निकायहरूबिच बलियो सहकार्य हुनुपर्छ । कुप्रथा र यौन हिंसा विरूद्ध कानुनी कारबाहीलाई कडाइका साथ अघि बढाउँदै समाजमा व्यापक चेतना फैलाउनु आजको आवश्यकता हो । जबसम्म कर्णालीका बालबालिकाले निर्भय वातावरणमा आफ्ना अधिकारहरू पूर्ण रूपमा उपभोग गर्न पाउँदैनन् तबसम्म संविधानले परिकल्पना गरेको समाजवाद र समृद्धिको आधार तयार हुन सक्दैन ।

आपूर्ति...

डिपोहरूबाट दैनिक रूपमा तोकिएकै परिमाणमा ग्यास बुलेटहरू नेपाल भित्रिरहेका छन् । भन्सार नाका वा ढुवानीमा कुनै पनि प्रकारको व्यवधान आएको छैन ग्यास उद्योगीहरूसँग पर्याप्त स्टक रहेको र बुलेटहरू निरन्तर आइरहेको निगमको दाबी छ। यद्यपि बजारमा अस्वाभाविक माग बढ्दा र उपभोक्ताहरू त्रासले लाइनमा बस्न थाल्दा केही नाफाखोर व्यापारी तथा बिचौलियाहरूले यसको अनुचित फाइदा उठाउने गरेका छन् । डिपोहरूले कृत्रिम अभाव सिर्जना गर्ने, पछाडिको बाटोबाट बढी मूल्यमा ग्यास बिक्री गर्ने, वा साना उपभोक्तालाई फर्काएर पहुँचवालालाई दिने जस्ता गलत अभ्यासहरूले पनि समस्यालाई थप जटिल बनाएको उपभोक्ता अधिकारकर्मीहरूको भनाइ छ ।

बजारमा देखिएको यो ग्यासको हाहाकारलाई तत्काल साम्य पार्न दुवै पक्ष उपभोक्ता र नियमनकारी निकाय गम्भीर हुन आवश्यक देखिन्छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

डा. सुशीलको उपचार अनुभव



डा. सुशील समदर्शी

डा. सुशील समदर्शी व्यक्तिको गडबडी भएको मन पढेर समस्या पहिचान गर्ने मनोचिकित्सक हुन् । उनले सयौं व्यक्तिको मनको समस्या पत्ता लगाएर गडबड भएको मनलाई शान्त पार्दै सामान्य अवस्थामा फर्काएका छन् ।

व्यक्तिको मन गडबड हुनुका कारण एउटै मात्र हुँदैनन् । सम्पन्न होस् वा विपन्न परिवार, मनको गडबडी जोकोहीलाई पनि हुन सक्छ ।

तर, समयमै समस्या पहिचान गरेर उपचार गर्न सकेको खण्डमा बिग्रिएको मनलाई पूर्ण रूपमा सामान्य अवस्थामा फर्काउन सकिन्छ । उनै मनोचिकित्सक डा. सुशीलले आफ्नो चिकित्सकीय पेसामा देखे-भोगेका यस्तै अविस्मरणीय अनुभवहरू उकेरासँग साटेका छन्:

मानसिक समस्याले विच्छिप्त भएकी ती महिला र ७ वर्षपछिको पुनर्मिलन

चिकित्सकीय पेसाका क्रममा देखे-भोगेकामध्ये एक जना महिलाको उपचारको प्रसङ्ग डा. सुशील कहिल्यै भुल्दैनन् ।

प्रसङ्ग करिब अढाइ वर्षअघिको हो । डा. सुशीललाई याद भएसम्म मुगुकी करिब ४६ वर्षकी एक महिला मानसिक रूपमा विच्छिप्त बनेर सात वर्षदेखि हराइरहेकी थिइन् । मानसिक समस्याकै कारण घरबाट निस्किएकी ती महिला सात वर्षसम्म पनि नफर्किएपछि परिवारले समेत उनी जीवितै होलिन् भन्ने माया मारिसकेको थियो ।

घरबाट हराएर बेवारिसे बनेकी ती महिला भौंतारिँदै कहिले कता, कहिले कता पुग्थिन् । जता मन लाग्यो उतै सुत्ने र जे भेट्यो त्यही खाने गरेर बाँचिरहेकी थिइन् । कसैले दया गरेर दिए खान्थिन्, नत्र भोकै बाटो, पाटी र पौवामा बस्थिन् । मानसिक समस्या भएका व्यक्तिलाई समाजले छिछि र दूरदूर गर्ने परिपाटी छँदै थियो, जसले गर्दा उनले समाजबाट पनि माया पाउन सकिनन् । एक हिसाबले भन्ने हो भने ती महिला अत्यन्तै नरकीय जीवन बिताइरहेकी थिइन् ।

भौंतारिँदै मुगुबाट हुम्लासम्म पुगेकी ती महिलालाई बेवारिसे बनेको सात वर्षपछि कसैले उद्धार गरेर सुर्खेत प्रादेशिक अस्पताल पुर्याइदिएछ । डा. सुशीलको टोलीले ती महिलाको स्वास्थ्य परीक्षण गर्दा उनलाई 'साइकोसिस'को गम्भीर समस्या भएको पत्ता लाग्यो ।

साइकोसिस एक किसिमको कडा मानसिक अवस्था हो, जसमा बिरामीमा अवास्तविक भ्रम पैदा हुन्छ । अस्पताल ल्याउँदा ती महिलामा देखिएका लक्षणका आधारमा उनी भ्रम उत्पन्न हुने कडा खालको साइकोसिसबाट ग्रसित भएको पुष्टि भयो । उनमा शङ्का गर्ने, डराउने, बर्बराउने, एक्लै हाँस्ने, जहाँत्यहीं हिँड्ने र आफ्नो हेरचाह आफैं गर्न नसक्ने जस्ता लक्षण थिए ।

भ्रम पैदा हुने (डिल्युजन) मानसिक समस्यामा बिरामीलाई अवास्तविक र गलत कुराप्रति पूर्ण विश्वास हुन्छ । कसैले नबोले पनि बोलेको जस्तो आवाज सुनिने, कसैले हप्ताउँदैछ भन्ठान्ने जस्ता अवास्तविक भ्रम यसमा हुन्छन् ।

उदाहरणका लागि- 'कसैले आफूलाई मार्न खोज्दैछ वा मविरुद्ध ठूलो षड्यन्त्र हुँदैछ' भन्ने अनावश्यक सोच उत्पन्न हुनु डिल्युजन हो ।

साइकोसिसकी ती महिलामा पनि 'कसैले मलाई मार्न खोज्दैछ' वा 'म कुनै असाधारण तथा शक्तिशाली व्यक्ति हुँ' भन्ने जस्ता भ्रमका लक्षण थिए ।

यस्तो समस्या भएको व्यक्तिमा अगाडि भूत आएको देख्ने, मान्छे नभए पनि मान्छे वा मान्छेका छाया देख्ने र अरूले नबोलेको कुरा कानमा गुञ्जिने जस्ता लक्षण देखिन्छन् । ती महिलामा पनि अस्वाभाविक व्यवहार देखाउनुका साथै चुपचाप बस्ने जस्ता लक्षण थिए ।

भ्रम पैदा हुने यो मानसिक रोगबाट पीडित ४६ वर्षीया महिलाको डा. सुशीलको टोलीले लगनशीलताका साथ उपचार सुरु गर्यो । केही दिनको औषधि-उपचारपछि ती महिला बिस्तारै सामान्य अवस्थामा फर्किँदै गइन् । मानिसहरूलाई चिन्न थालिन् र आफ्नो घरपरिवार पनि सम्झिन थालिन् ।

त्यसपछि ती महिलाको परिवार खोज्ने प्रयास भयो । सोधखोज गर्दै जाँदा हराएकी तिनै महिलाका छोरा सुर्खेतमै बसोबास गर्दै आएको थाहा भयो । छोराको पत्ता लागेपछि उनलाई अस्पताल बोलाइयो र सात वर्षदेखि हराइरहेकी आमासँग भेट गराइयो ।

सात वर्षदेखि माया मारिसकेकी आमालाई जीवितै र निको भएको अवस्थामा पाउँदा छोरा दङ्ग नपर्ने कुरै भएन । सात वर्षसम्म बेवारिसे अवस्थामा भोकै-नाङ्गै भौंतारिएकी ती महिलाले अस्पतालमा उपचार मात्र पाइनन्, आफ्नै छोरा र परिवार पनि फिर्ता पाइन ।

करिब तीन हप्ताको औषधि-उपचारपछि ती महिला पूर्ण रूपमा सामान्य अवस्थामा फर्किइन् र उनलाई अस्पतालबाट डिस्चार्ज गरियो । छोराले उनलाई खुसी हुँदै घर लिएर गए ।

धन्य, ती महिलाको समयमै उद्धार नभएको भए न त उनले उपचार पाउँथिइन्, न त छोरालाई नै भेट्न सक्थिइन् । सायद गाउँघरका गल्ली र पाटीपौवामै उनको नरकीय जीवनको दुःखद् अन्त्य हुन्थ्यो होला ।

तर, उपचार र परिवारसँगको पुनर्मिलनले उनको जिन्दगीको मोड नै बदलियो । मानसिक रूपमा विच्छिप्त भएकी ती महिलालाई निको बनाएर छोरासँग पुनर्मिलन गराई डिस्चार्ज गरिएको त्यो क्षण डा. सुशील कहिल्यै भुल्दैनन् ।

१७ वर्षीया युवतीको अस्पतालमै मृत्यु भएको त्यो दुःखद् क्षण

चिकित्सकीय पेसाका क्रममा डोल्पा पुग्दाको अर्को एउटा प्रसङ्ग पनि डा. सुशीलको मानसपटलमा ताजै छ ।

कुरा केही वर्षअघिकै हो । कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयको सक्रियतामा मनोचिकित्सकसहितको टोली मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम लिएर डोल्पा पुगेको थियो । त्यो टोलीमा डा. सुशील पनि थिए ।

त्यहाँ पुग्दा मानसिक रूपमा विच्छिप्त भएर बेवारिसे बनेका ७/८ जना बिरामीहरू भेटिए । उनीहरूलाई मन्त्रालयकै सक्रियतामा उद्धार गरी सुर्खेत प्रादेशिक अस्पताल पुर्याइयो । त्यहाँ औषधि-उपचार र परामर्शपछि उनीहरूको पुनर्स्थापनाका लागि सुर्खेतमै रहेको मानव सेवा आश्रममा राखियो ।

ती बिरामीहरूमा पनि विभिन्न किसिमका मानसिक समस्या थिए । औषधि-उपचारपछि उनीहरू बिस्तारै सामान्य अवस्थामा फर्किँदै गए र अन्ततः परिवार तथा समाजमा पुनस्थापित भए ।

तर, उद्धार गरिएका बिरामीमध्ये मानसिक समस्या भएकी करिब १७ वर्षकी एक युवतीमा भने अन्य गम्भीर शारीरिक समस्याहरू पनि रहेछन् । उनलाई बचाउन डाक्टरहरूले अथक मेहनत र उपचार गरे पनि सम्भव भएन । उपचारकै क्रममा उनले अस्पतालमै प्राण त्यागिन् ।

अन्य सबै बिरामीलाई निको बनाएर घर फर्काउन सम्भव भए पनि ती १७ वर्षीया युवतीलाई बचाउन नसकेको त्यो दुःखान्त क्षण सम्झँदा डा. सुशीलको मन अझै पनि कटक्क खान्छ ।

सुर्खेतमा जन्म र मनोचिकित्साको यात्रा

सुर्खेतको वीरेन्द्रनगरमा २०४३ सालमा जन्मिएका सुशील समदर्शी सानैदेखि अध्ययनमा अब्बल थिए । उनले स्थानीय एसओएस हर्मन माइनर स्कुलबाट २०५९ मा एसएलसी उत्तीर्ण गरे । त्यसपछि काठमाडौं आएर हिमालयन ह्वाइटहाउस कलेजबाट प्लस-टु पूरा गरे ।

सानैदेखि डाक्टर बन्ने रहर भएकाले उनले एमबीबीएसका लागि तयारी गरे । छनोट परीक्षा उत्तीर्ण भएपछि काठमाडौं विश्वविद्यालयअन्तर्गतको काठमाडौं मेडिकल कलेज (केएमसी) मा २०६३ मा भर्ना भई एमबीबीएस पढ्न थाले । २०६९ सालमा उनको एमबीबीएस अध्ययन पूरा भयो ।

एमबीबीएसपछि उनले काठमाडौंको एक निजी अस्पतालमा करिब एक वर्ष र सुर्खेतमा करिब एक वर्ष गरी दुई वर्ष मेडिकल अधिकृतका रूपमा काम गरे ।

तर, डा. सुशीललाई थप अध्ययन गर्नु थियो । त्यसैले एमडीको छनोट परीक्षा पार गर्दै उनी पुनः केएमसीमै २०७२ मा भर्ना भए । एमडीका लागि उनले रोजेको विषय थियो- 'मनोचिकित्सा', अर्थात् मान्छेको गडबड भएको मन छाम्ने र बुझ्ने विषय । २०७५ मा उनको एमडी तहको अध्ययन सकियो ।

एमडी पूरा गरेपछि २०७५ सालमै डा. सुशील नवौं तहको कन्सल्टेण्ट साइक्याट्रिस्ट (करार) का रूपमा सुर्खेत प्रादेशिक अस्पताल पुगे । त्यहाँ करिब दुई वर्ष काम गरेपछि २०७८ सालमा उनी लोकसेवा आयोगको परीक्षामार्फत नवौं तहको कन्सल्टेण्ट साइक्याट्रिस्ट पदमा स्थायी रूपमा नाम निकाल्न सफल भए ।

स्थायी भएपछि उनको पोष्टिङ ललितपुरको लगनखेलस्थित मानसिक अस्पतालमा भयो । तर, उनी काजमा काम गर्न पुनः सुर्खेत अस्पतालमै फर्किए । करिब आठ वर्षदेखि उनी सुर्खेत अस्पतालमै निरन्तर सेवारत छन् । हाल उनी पदोन्नति भएर दर्शौं तहको वरिष्ठ कन्सल्टेण्ट साइक्याट्रिस्ट पदमा कार्यरत छन् ।

सुरुवातमा सुर्खेत पुग्दा मनोचिकित्सासम्बन्धी उपचार सुरु गर्न ठूलो चुनौती थियो । त्यो बेला मानसिक समस्या भएका बिरामीहरू मनोचिकित्सककहाँ जानसमेत हिचकिचाउने गर्थे ।

तर, बिस्तारै मानिसहरू शारीरिक जस्तै मानसिक रूपमा पनि अस्वस्थ हुन सकिन्छ र यसको उपचार सम्भव छ भन्ने कुरा स्वीकार्न थालेका छन् । यद्यपि, यो चुनौती अझै पूर्ण रूपमा कम भैनसकेको उनी बताउँछन् ।

डा. सुशील अस्पतालमा बिरामीको औषधि-उपचारमा मात्र सीमित छैनन्; विशेषगरी पश्चिम नेपालका दुर्गम भेगहरूमा पुगेर मानसिक स्वास्थ्यका विषयमा जनचेतना जगाउन र योसँग सम्बन्धित नीति-नियम निर्माण तथा कार्यान्वयनमा समेत उत्तिकै सक्रियताका साथ लागिपरेका छन् ।

(उकेराबाट)

निर्माण...

रहेको औंल्याए । विगतमा अभिभावकले गरेको निर्माण पेसा सन्तानमा हस्तान्तरण हुने क्रम निकै कम छ । अरू पेसा पुस्तान्तरण हुने, हाम्रो पेसा किन नहुने? उनले प्रश्न गर्दै भने, अब हामीले यसलाई प्रतिष्ठाको पेसा बनाएर भावी पुस्तालाई आकर्षित गर्नुपर्छ। छोराछोरीले पनि गर्वका साथ बाबुआमाको व्यवसाय अँगाल्ने वातावरण बनाउनुपर्छ ।

अधिकारका लागि सडक आन्दोलनमा जाँदासमेत जनसमर्थन नपाउने गरी निर्माण क्षेत्रलाई बदनाम गराइएको भन्दै उनले अब सबैले गर्व गर्ने, साथ दिने र भरोसा गर्ने गरी काम गरेर देखाउनुपर्नेमा जोड दिए।

यस्तै आफ्नो नेतृत्वको १०० दिने कार्यकालमा चुनावी प्रतिबद्धतामध्ये ८० प्रतिशत काम सम्पन्न भइसकेको दाबी गर्दै अध्यक्ष पाण्डेले अबको तीन वर्ष पेसाको गरिमा बढाउन र राष्ट्रको समृद्धिको सपना पूरा गर्न खर्चिने बताए । सार्वजनिक खरिद ऐन र नियमावली संशोधन भइसकेको र अब निर्माण ऐन संशोधनको पहल भइरहेको जानकारी दिँदै उनले व्यवसायीको शीर निहुर्न नदिने प्रतिबद्धता जनाए ।

समयमै भुक्तानी नहुनु, नीतिगत अन्योल र निर्माण सामग्रीको मूल्यवृद्धिले व्यवसायीहरू मारमा परेको भन्दै समस्या समाधानका लागि तीनै तहका सरकारबिच प्रभावकारी समन्वय हुनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा कर्णाली प्रदेश निर्माण व्यवसायी महासङ्घका महासचिव मानव बमले सार्वजनिक खरिद ऐन संशोधन भएसँगै कर्णालीका विकास निर्माणले गति लिएको र रुग्ण आयोजनाहरू अगाडि बढ्न थालेको बताए ।

केन्द्रीय उपमहासचिव मङ्गलबहादुर शाहीले भौगोलिक विकटता, प्रतिकूल मौसम र सीमित कार्यअवधिका बिच पनि कर्णालीका व्यवसायीहरूले उदाहरणीय काम गरेको उल्लेख गरे। यस्तै, व्यवसायी गणेश आचार्यले मुलुकको समृद्धिका लागि निर्माण क्षेत्रका समस्या समाधानमा राज्य गम्भीर हुनुपर्ने धारणा राखे।

दुई दिनसम्म चल्ने उक्त अधिवेशनले नयाँ नेतृत्व चयन गर्नुका साथै कर्णालीको पूर्वाधार विकास र व्यवसायीका साझा समस्याका विषयमा गहन छलफल गर्नेछ। कार्यक्रममा कर्णालीका विभिन्न जिल्लाबाट आएका निर्माण व्यवसायी, प्रदेश सरकारका प्रतिनिधि, महासङ्घका केन्द्रीय तथा प्रदेश पदाधिकारी र सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको छ ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)
प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO),
वीरेन्द्रनगर, सुर्खेत

सह-लगानीमा उच्च मूल्य कृषि वस्तु उत्पादन प्रवर्द्धन कार्यक्रममा आशय निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०४/१९ गते

नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को सम्झौता बमोजिम संचालित यस उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP), प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO), सुर्खेतको R-HVAP कार्यक्रम लागु भएका तपसिलको स्थानीय तहमा आ.व. २०८३-०८४ को स्वीकृत बजारमुखी पर्यावरणीय उच्च मूल्य कृषिवस्तु (Agro-ecological High Value Commodity) उत्पादन र साना कृषि सिंचाई (Small Scale irrigation) कार्यक्रममा सह-लगानी गर्न चाहने कृषिसंग सम्बन्धित इच्छुक समूह/सहकारी/समितिलाई यस प्रदेशस्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO), सुर्खेत वा यस कार्यालयको वेबसाइट pmorhvap.karnali.gov.np को अनुदान व्यवस्थापन सफ्टवेयर (SMS) अनलाइन मार्फत अनुसूचि-१.१ अनुसारको निवेदन पेश गर्न हुन अनुरोध छ।

तपसिल

क्र.स	जिल्ला	स्थानीय तह	सह-लगानीमा प्रवर्द्धन हुने उच्च मूल्य कृषि वस्तुहरू
१	दैलेख	आठबिस न.पा दैलेख	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर/केरा/कफी), मौरीपालन, मसला बाली, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), तरकारी।
२		भैरवी गा.पा दैलेख	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/आँप/लिची केरा/कफी), मौरीपालन, मसला बाली, पशुपन्छी पालन (गाई/भैंसी/स्थानीय कुखुरा/बाख्रा), बीउ उत्पादन, तरकारी।
३		महाबू गा.पा दैलेख	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर/आँप/लिचि/कफी), मसला बाली, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), बीउ उत्पादन, तरकारी, मौरीपालन।
४		भगवतीमाई गा.पा दैलेख	कृषि वन प्रणालीमा फलफूल (सुन्तलाजात/ओखर), मसला बाली, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), मौरीपालन, तरकारी।
५	सुर्खेत	लेकबेशी न.पा. सुर्खेत	कृषि वन प्रणालीमा फलफूल बाली (आँप/सुन्तलाजात/केरा/मेवा/कफी), मसलाबाली, तरकारी बाली पशुपन्छीपालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), मौरीपालन।
६		गुर्भाकोट न.पा सुर्खेत	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/केरा/आँप/लिची), मसला बाली, तरकारी बाली, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), मौरीपालन।
७		चिङ्गाड गा.पा. सुर्खेत	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/केरा/आँप/लिची), मसला बाली, तरकारी बाली, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), मौरीपालन।
८		बराहताल गा.पा. सुर्खेत	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर/केरा/कफी), मौरीपालन, मसला बाली, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), तरकारी।
९		पञ्चपुरी न.पा सुर्खेत	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/आँप/लिची केरा/कफी), मौरीपालन, मसला बाली, पशुपन्छी पालन (गाई/भैंसी /स्थानीय कुखुरा/बाख्रा), बीउ उत्पादन,तरकारी।
१०		चौकुने गा.पा. सुर्खेत	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर/आँप/लिचि/कफी), मसला बाली, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), बीउ उत्पादन, तरकारी, मौरीपालन।

नोटः पर्यावरणीय कृषिको लागि आवश्यक रैथाने बाली, मिश्रित बाली, अन्तरबाली, माटोको उर्वराशक्ति बढाउने बाली, फलफूलको हकमा फिलर बिरुवा र कभर बिरुवा (जस्तैः मेवा, भुईकटहर), परागसेचक, वानस्पतिक विषादीजन्य बिरुवा, औषधीय तथा सुगन्धित वनस्पती (टिमुर ,रिठ्ठा, दालचिनी) पर्यावरणमैत्री फलफूल र बायोफेन्सिंग सम्बन्धी क्रियाकलाप संचालनको लागि पनि प्रस्ताव गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८३-५९०२६९ वा सूचना अधिकारीको नम्बर ९८५८०२८२६५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू

१) समूह/सहकारी/समिति दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२) प्रस्तावित कार्यक्रम/क्रियाकलापहरु संचालन गर्न इच्छुक भएको र वित्तीय तथा व्यवसायिक साक्षरता (FEBL) कक्षा संचालन आवश्यक भएको समूह/सहकारी/समितिको निर्णय प्रतिलिपि ।

निवेदन पेश गर्दा समूह/सहकारीले ध्यान दिनुपर्ने कुराहरू

१) सम्भव भएसम्म सम्पूर्ण निवेदनहरु अनुदान व्यवस्थापन सफ्टवेयर (SMS) अनलाइन प्रणालीबाट संकलन गरिनेछ, सहजीकरणको लागि यस कार्यालयबाट सम्बन्धित पालिकामा खटिएका कृषि प्राविधिक र सामाजिक परिचालकसंग समन्वय गर्न सक्नुहुनेछ।
२) निवेदन पेश गर्न कुनै राजश्व तिर्नु पर्ने छैन।
३) चालु आर्थिक वर्ष २०८३/०८४ को अवधिभर निवेदन पेश गर्न सकिनेछ ।
४) एउटा समुदाय/टोल/कलष्टर/गाउँ (Cluster/Village Based Approach) बाट कम्तिमा १०० घरधुरी (प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी तथा चारवटा कृषक समूह) ले एकै प्रकारको कृषिजन्य वस्तु उत्पादन गर्ने पकेट क्षेत्र वा सो भन्दा कम समूह/कृषक भएको हकमा एकमुष्ट रुपमा कम्तिमा १०० घरधुरी बराबर तोकिएको क्षेत्रफल हुनुपर्नेछ । सहकारीको हकमा कम्तिमा ५ ओटा कृषक समूहहरु (१२५ घर धुरी र प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी) को व्यवसायिक योजना सहित हुनुपर्नेछ ।
५) HVAP, ASDP तथा ASHA आयोजनाबाट लाभान्वित कृषि समूहले पनि निवेदन पेश गर्न सक्नेछन र उक्त समूहको विगत तथा हालको कार्यसम्पादन अवस्थाको प्राविधिक मुल्यांकन गरि छनौट गर्न सकिनेछ ।
६) एकीकृत कृषि खेति (कृषि, पशुपन्छी तथा बाली विविधता) भएको, बिषादी न्यून प्रयोग हुने गाउँ/क्षेत्रलाई प्राथमिकता दिइनेछ।
७) तरकारी खेतीको हकमा उत्पादन हुने सिजनमा सडक पहुँच भएको र बजारीकरण गर्न सकिने हुनुपर्नेछ ।
८) सम्बन्धित वडास्तर कृषक समुदाय केन्द्रित छलफल (FGD) र अगुवा कृषक/मुख्य सरोकारवाला सर्वेक्षणबाट पहिचान भएका प्राथमिकता प्राप्त बालीवस्तु सहित कार्यपालिका स्तरीय निर्णय वा स्थानीय तहको ५ वर्षे पर्यावरणीय कृषि योजना (Palika-Agroecological Plan/PAP) स्वीकृत पश्चात निवेदनहरुको प्राविधिक मूल्याङ्कन गरि छनौट गरिनेछ। हावापानी, भौगोलिक तथा व्यावसायिक रुपमा उपयुक्त निवेदकहरुलाई छनौट प्रक्रियामा लगिनेछ । अत्याधिक रासायनिक विषादी प्रयोग हुने गाउँ/टोलमा कार्यक्रम संचालन गरिने छैन ।
९) निवेदन फर्मेटको ढाँचा अनुसूची-१.१ कार्यालयको वेबसाइट pmorhvap.karnali.gov.np मा राखिएको छ।

सह-लगानी सिमा

१) बजारमुखी पर्यावरणीय कृषि उत्पादन कार्यक्रम सह-लगानी कुल लागतको बढीमा ५०% (पचास प्रतिशत) हुनेछ।
२) कृषि सिंचाई पूर्वाधार सह-लगानी कार्यालयको तर्फबाट अधिकतम ८५% (पचासी प्रतिशत) हुनेछ र सूचनामा उल्लेखित कृषिजन्य वस्तु उत्पादन नहुने क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गरिने छैन।

प्रदेश कार्यक्रम व्यवस्थापक

इन्टरनेट नचल्दा चिनियाँ सिमकै भरमा

❐ काँक्रेविहार संवाददाता
हुम्ला, १८ साउन



नेपाल-चीन सीमा क्षेत्र हिल्सामा नेपाल टेलिकमको भरपर्दो मोबाइल तथा इन्टरनेट सेवा नपुग्दा स्थानीय बासिन्दा, सुरक्षाकर्मी, सरकारी कर्मचारी र व्यवसायी चिनियाँ सिम प्रयोग गर्न बाध्य भएका छन्। वर्षौंदेखि जारी यो समस्याका कारण सेवाग्राहीले मासिक हजारौं रुपैयाँ अतिरिक्त खर्च बेहोर्नुपरेको छ। यारी नाका भन्सार कार्यालयका प्रमुख रामराज जैसीका अनुसार हिल्सामा कार्यालयको कामदेखि व्यक्तिगत सम्पर्कसम्मका लागि इन्टरनेट अनिवार्य भए पनि नेपाली सेवा प्रभावकारी नभएकाले चिनियाँ सिम नै प्रयोग गर्नुपर्ने अवस्था रहेको छ। उनका अनुसार हिल्सामा एक सयभन्दा बढी चिनियाँ सिम प्रयोगमा रहेका छन्, जसलाई स्थानीय, सुरक्षाकर्मी, होटल व्यवसायी तथा सरकारी कर्मचारीले दैनिक रूपमा उपयोग गरिरहेका छन्।

स्थानीय व्यापारी सोनाम लामाले चिनियाँ सिम प्राप्त गर्न राहदानी अनिवार्य हुने र त्यसका लागि जटिल प्रक्रिया पूरा गर्नुपर्ने बताए। नयाँ सिम लिन कठिनाइ हुने भएकाले धेरैले पुरानै सिम प्रयोग गरिरहेका छन्।

हिउँदमा प्रयोग नगरेका सिममा पनि सेवा शुल्क लाग्ने र बाँकी रकम तिरेपछि मात्र पुनः सञ्चालन गर्न पाइने चिनियाँ नियमका कारण खर्च अझ बढ्ने गरेको उनले जानकारी दिए।

नेपाल टेलिकमले नारा लेक क्षेत्रमा स्थापना गरेको टुजी टावरबाट मोबाइल नेटवर्कसमेत प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा इन्टरनेट सेवा झन् समस्याग्रस्त बनेको स्थानीयको भनाइ छ। त्यसैले हिल्सामा इन्टरनेट प्रयोगका लागि चिनियाँ सेवा नै एकमात्र विकल्प बनेको छ।

सीमा क्षेत्रको अवलोकनपछि राष्ट्रिय स्वतन्त्र पार्टीकी केन्द्रीय सदस्य टासी लाजोमले हिल्सावासीले मासिक चारदेखि पाँच हजार रुपैयाँसम्म खर्च गरेर चिनियाँ इन्टरनेट सेवा प्रयोग गरिरहेको बताए। उनले यो समस्या नयाँ नभई विगत सात-आठ वर्षदेखि निरन्तर रहेको उल्लेख गर्दै सीमा क्षेत्रजस्तो संवेदनशील स्थानमा भरपर्दो फोरजी सेवा विस्तार गर्न सरकार र नेपाल टेलिकमले प्राथमिकता दिनुपर्ने बताए।

स्थानीयले सीमावर्ती क्षेत्रमा गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराई नेपाली नागरिकलाई विदेशी नेटवर्कमा निर्भर रहनुपर्ने बाध्यताको अन्त्य गर्न सरकारसँग माग गरेका छन्।

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

सूचीदर्ता सम्बन्धी सूचना

(मितिः २०८३।०४।१९)

सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐनमा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यको लागि खरिदको प्रकृति अनुसार छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था भएकोले यस कार्यालयबाट आ.व. २०८३।०८४ मा हुने देहायका खरिद सम्बन्धी कार्य गर्नको लागि इच्छुक आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था, सेवा प्रदायक तथा व्यक्तिले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम १ सँग सम्बन्धित अनुसूची २(क) को ढाँचामा सूचीदर्ताको लागि छुट्टाछुट्टै पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय :

- कार्यालय मसलन्द, स्टेशनरी तथा छपाई सम्बन्धी सम्पूर्ण कार्यहरू।
- फर्निचर तथा फिक्चर्स सम्बन्धी कार्यहरू
- सांस्कृतिक सामाग्री उपकरण, वाद्यवाधनका सामाग्री वितरण, आपूर्तिका कार्यहरू।
- सवारी साधन तथा सो को सामाग्री पार्टस पुर्जा र मर्मत सम्बन्धी कार्यहरू।
- मेशिनरी तथा औजार उपकरणहरू खरिद तथा मर्मत सम्बन्धी कार्यहरू।
- नेटवर्किङ्ग, इन्टरनेट तथा सञ्चार सम्बन्धी कार्यहरू।
- सरसफाइ, बिजुली तथा धाराका सामानहरू।
- विज्ञापन, सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी कार्यहरू।
- औषधी, सर्जिकल, ल्याब केमिकल्स, रिएजेन्ट, एक्सरे फिल्म खरिद सम्बन्धी कार्यहरू
- इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धी कार्य।
- सेवा करार सम्बन्धी कार्य तथा सेवा परामर्श सम्बन्धी कार्यहरू।
- सार्वजनिक निर्माण तथा मर्मत सम्बन्धी कार्यहरू।
- मल, बीउ, बिरुवा वितरण, नर्सरी व्यवस्थापन सम्बन्धी कार्यहरू।
- पशु सम्बन्धी, उपचार, उपकरण, औषधी, भ्याक्सिन सम्बन्धी कार्यहरू।
- विपद्का लागि औजार, उपकरण, सहायता सामाग्री उपलब्ध गराउने सम्बन्धी कार्यहरू।
- सार्वजनिक खरिद ऐन र नियमावलीले तोकेका खरिद सम्बन्धी अन्य विभिन्न कार्यहरू।

१. आवेदनका साथ निम्नानुसारको कागजातहरूको प्रतिलिपि एक एक प्रति संलग्न हुनुपर्नेछ।
(क) संस्था वा फर्म दर्ताको प्रमाण पत्र।
(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र।
(ग) आ.व. २०८१।०८२ को कर चुक्ताको प्रमाण पत्र।
२. मौजुदा सूचीमा सूचीकृत भएकाहरू मध्ये कार्यालयले कामको प्रकृति बमोजिम ऐन नियमको परिधिमा रही आवश्यकता अनुसार खरिद कार्यमा संलग्न गराउन सक्नेछ।
३. उल्लेखित बाहेकको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम हुने।

प्रशासन शाखा प्रमुख

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक
समाचार
मंगलवार, १९ साउन, २०८३
Tuesday, 4 Aug 2026
सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

सरकार फेरबदलले कर्णालीको लगानी सम्मेलन फेरि ओझेलमा



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ साउन

कर्णाली प्रदेशमा आयोजना गर्ने तयारी गरिएको लगानी सम्मेलन फेरि अन्योलमा परेको छ। पटक-पटक सरकार परिवर्तन, प्रदेश योजना आयोगको नेतृत्वमा आएको अस्थिरता तथा आवश्यक तयारी पूरा हुन नसक्दा सम्मेलनको योजना वर्षौंदेखि कार्यान्वयनमा आउन सकेको छैन।

प्रदेश सरकारले हरेक वर्ष आफ्नो नीति तथा कार्यक्रममा लगानी सम्मेलनलाई प्राथमिकताका साथ समेट्दै आएको भए पनि व्यवहारमा भने कुनै प्रगति हुन सकेको छैन।

कर्णालीमा निजी तथा बाह्य लगानी आकर्षित गरी आर्थिक विकास, रोजगारी सिर्जना र औद्योगिक गतिविधि विस्तार गर्ने उद्देश्यले २०७६ सालदेखि नै लगानी सम्मेलन आयोजना गर्ने अवधारणा अघि सारिएको थियो।

तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाही नेतृत्वको सरकारले २०७७ मङ्सिरमा सम्मेलन गर्ने योजना बनाएको थियो। तयारी अपुग भएपछि कार्यक्रम २०७८ वैशाखमा सारियो। त्यसबेला प्रदेश योजना आयोगले आवश्यक गृहकार्यसमेत थालेको थियो। तर कोरोना महामारीका कारण सम्मेलन स्थगित हुन पुग्यो। त्यसपछि गठन भएका सरकारहरूले पनि सम्मेलनलाई प्रभावकारी रूपमा अघि बढाउन सकेनन्। जीवनबहादुर शाही नेतृत्वको सरकारले प्रदेश योजना आयोगलाई पूर्णता दिन नसक्दा सम्मेलनको तयारी नै प्रभावित भयो। त्यसपछि राजकुमार शर्मा नेतृत्वको सरकारले २०८० वैशाख १९ र २० गते वीरेन्द्रनगरमा सम्मेलन आयोजना गर्ने घोषणा गर्दै तयारी अघि बढाए पनि कार्यक्रम अन्तिम समयमा रोकियो। पछिल्लो समय मुख्यमन्त्री यामलाल कँडेलको कार्यकालमा पनि लगानी सम्मेलनको विषय चर्चामै सीमित रह्यो।

प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले सम्मेलन आयोजनाका लागि कार्यविधि निर्माण, विज्ञहरूको सुझाव संकलन तथा सम्भावित आयोजना छनोटलगायत प्रारम्भिक तयारी गरिएको जानकारी दिए। उनका अनुसार पछिल्लो राजनीतिक परिवर्तन र सरकार फेरबदलका कारण सम्मेलनको प्रक्रिया प्रभावित भएको हो। गत आर्थिक वर्षमा आयोजना बैंक निर्माणका लागि विनियोजन गरिएको ५० लाख रुपैयाँसमेत खर्च हुन नसकेपछि अर्थ मन्त्रालयले बजेट फिर्ता गरेको छ।

बारम्बारको राजनीतिक अस्थिरताले कर्णालीमा लगानी भित्र्याउने महत्त्वपूर्ण योजना कार्यान्वयन हुन नसकेको सरोकारवालाको भनाइ छ। अब नयाँ सरकारले स्पष्ट कार्ययोजना बनाएर लगानी सम्मेलनलाई मूर्त रूप दिने अपेक्षा गरिएको छ।

कर्मचारीको रहस्यमय मृत्यु प्रकरणमा प्रशासनका सुब्बा पक्राउ

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ साउन





एकीकृत कृषि प्रयोगशाला सुर्खेतको आवास गृहमा मृत भेटिएकी २७ वर्षीया कर्मचारी चन्द्रा सिंहको रहस्यमय मृत्यु प्रकरणमा प्रहरीले अनुसन्धानको दायरा कडा पारेको छ। घटनाको सूक्ष्म छानबिनका क्रममा जिल्ला प्रहरी कार्यालय सुर्खेतले जिल्ला प्रशासन कार्यालय सुर्खेतमा कार्यरत नायब सुब्बा कविलाल बीसीलाई नियन्त्रणमा लिएको छ। साउन १६ गते वीरेन्द्रनगर-८ खजुरा क्षेत्रबाट नियन्त्रणमा लिइएका बीसीमाथि आत्महत्या दुरुत्साहनको कसुरमा अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

के थियो घटना ?

जाजरकोटको भेरी नगरपालिका-१ घर भई विगत दुई वर्षदेखि एकीकृत कृषि प्रयोगशाला सुर्खेतमा नायब प्राविधिक सहायक पदमा कार्यरत चन्द्रा सिंह वीरेन्द्रनगर-७ इन्द्रामस्थित कार्यालयकै आवास गृहको शौचालयमा अकस्मात् बेहोस अवस्थामा फेला परेकी थिइन्। आवास गृहका कर्मचारीहरूले उद्धार गरी उनलाई देउती अस्पताल पुऱ्याएका थिए। त्यहाँ उपचार सम्भव नभएपछि तत्काल प्रदेश अस्पताल कालागाउँ लगिएकोमा चिकित्सकहरूले उनलाई मृत घोषित गरेका थिए। चन्द्राको अस्वाभाविक र अप्रत्याशित मृत्युपछि उनका श्रीमान् महेश बस्नेतले नासु बीसीविरुद्ध प्रहरीमा आत्महत्या दुरुत्साहनको किटानी जाहेरी दिएका थिए। सोही जाहेरीका आधारमा एक्सनमा उत्रिएको प्रहरीले प्रारम्भिक प्राविधिक अनुसन्धान गर्दा मृतक चन्द्रा र बीसीबीच सामाजिक सञ्जालमा भएका विभिन्न शंकास्पद कुराकानी तथा संवादहरू फेला परेको छ। प्रारम्भिक अनुसन्धानका क्रममा उहाँहरूबीच फेसबुक च्याटमा निरन्तर कुराकानी हुने गरेको र केही गम्भीर तथा शंकास्पद विषयहरू समावेश भएको पाइएको छ, जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक ठाकुरप्रसाद पोखरेलले भने, अहिले हामी घटनाका सम्पूर्ण पाटाहरूलाई सूक्ष्म ढङ्गले केलाइरहेका छौं। अनुसन्धान सकिएपछि वास्तविक सत्य बाहिर आउनेछ। सरकारी सेवामा प्रवेश गरी उज्यालो भविष्यको खोजीमा रहेकी एक होनहार युवा कर्मचारीको यसरी रहस्यमय तरिकाले ज्यान गएपछि एकीकृत कृषि प्रयोगशाला परिवार र उनको आफन्तजन गहिरो शोकमा डुबेका छन्। मृतक चन्द्राको आइतबार धार्मिक परम्परा अनुसार अन्त्येष्टि गरिएको छ।

खडेरीको असरबारे अध्ययन कार्यदल गठन

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ साउन

लामो समयदेखि पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित भएका सल्यान र सुर्खेतका क्षेत्रमा कर्णाली प्रदेश सरकारले स्थलगत अध्ययन सुरु गर्ने भएको छ।

धान रोपाइँमा परेको असर, किसानको अवस्था र आवश्यक सहयोगका उपाय पहिचान गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पाँच सदस्यीय अध्ययन कार्यदल गठन गरेको हो।

मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै गठन गरेको कार्यदलले सल्यानको बनगाड कुपिण्डे नगरपालिका एक देखी सात नम्बर वडा तथा सुर्खेतको सिम्ता गाउँपालिका एक, तिन, चार, पाँच, छ र सात नम्बर वडामा पुगेर अध्ययन गर्नेछ। यी क्षेत्रका अधिकांश किसान वर्षामा निर्भर रहेकाले पर्याप्त पानी नपर्दा समयमै धान रोपाइँ गर्न नसकेको अवस्था छ।

कर्णाली प्रदेशसभाको साउन १५ गते बसेको बैठकमा प्रदेशसभा सदस्य भीमप्रकाश शर्माले शून्य समयमा खडेरीका कारण सल्यान र सुर्खेतका किसानले भोगिरहेको समस्याबारे सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। त्यसपछि मन्त्रालयले प्रभावित क्षेत्रको वास्तविक अवस्था बुझ्न अध्ययन कार्यदल गठन गरेको जनाएको छ। कार्यदलको संयोजकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ (दर्शौं तह) चित्रबहादुर रोकाय रहनुभएको छ।

कार्यदलका सदस्यमा जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका इन्जिनियर प्रतिनिधि, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय सुर्खेतका इन्जिनियर प्रतिनिधि, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय सल्यानका इन्जिनियर प्रतिनिधि र मन्त्रालयका बागवानी विकास अधिकृत विशाल खत्री रहनुभएको छ।

मन्त्रालयका अनुसार कार्यदलले प्रभावित क्षेत्रका स्थानीय तहका जनप्रतिनिधि, किसान, कृषि प्राविधिक तथा सरोकारवाला निकायसँग छलफल गर्नेछ।

खडेरीका कारण धान खेतीमा परेको असर, उत्पादनमा हुन सक्ने कमी, किसानको आवश्यकता र तत्काल तथा दीर्घकालीन समाधानका उपायसहितको प्रतिवेदन मन्त्रालयमा बुझाउने जिम्मेवारी कार्यदललाई दिइएको छ। यस वर्ष वर्षाको अभावका कारण खेतमा रोपाइँ गर्न नपाएका किसानले खाद्यान्न उत्पादन घट्ने चिन्ता व्यक्त गर्दै आएका छन्।

प्राकृतिक सिँचाइमा निर्भर रहेका क्षेत्रका किसानलाई राहत, वैकल्पिक सिँचाइ सुविधा विस्तार र कृषि उत्पादन संरक्षणका कार्यक्रम आवश्यक रहेको स्थानीयको भनाइ छ।

शिक्षकलाई समावेशी शिक्षा तालिम

❐ **काँक्रेविहार संवाददाता**
रुकुमपश्चिम, १८ साउन

रुकुम पश्चिम र जाजरकोटका पाँच स्थानीय तहका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूका लागि समावेशी शिक्षा र सिकाइको सर्वानुकूलित ढाँचासम्बन्धी पाँचदिने क्षमता विकास तालिम सम्पन्न भएको छ।

फेल्म नेपालको सहयोग तथा परिलक्षित संस्थाद्वारा सञ्चालित 'अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा तथा सशक्तीकरण परियोजना' अन्तर्गत सञ्चालन गरिएको तालिम आइतबार मुसिकोट नगरपालिका पाँच स्थित होटल श्रीमा समापन गरिएको हो। तालिममा रुकुम पश्चिमका आठबिसकोट नगरपालिका, सानीभेरी गाउँपालिका, बाँफिकोट गाउँपालिका तथा जाजरकोटका कुशे र जुनिचाँदे गाउँपालिकाका २८ जना शिक्षक-शिक्षिकाको सहभागिता रहेको थियो। तालिमको मुख्य उद्देश्य अपाङ्गता भएका बालबालिकासहित सबै विद्यार्थीका लागि समान, पहुँचयोग्य र गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्न शिक्षकहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नु रहेको आयोजकले जनाएको छ। मापन समारोहका प्रमुख अतिथि तथा सानीभेरी गाउँपालिकाका अध्यक्ष बिर्खबहादुर बिष्टले बदलिँदो समयसँगै शिक्षण पद्धति पनि परिवर्तन भइरहेकाले शिक्षकहरूले निरन्तर सिकाइ, अध्ययन-अनुसन्धान र प्रविधिमैत्री शिक्षण अभ्यासलाई प्राथमिकता दिनुपर्ने बताए। उनले विद्यालयलाई समावेशी, बालमैत्री र अपाङ्गमैत्री बनाउन तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)